# गोरखा नगरपालिकाको विषयगत शाखाको सेवा, कार्यप्रक्रिया तथा मापदण्ड, २०७७

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

## गोरखा नगरपालिका

गोरखा जिल्ला

गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

# गोरखा नगरपालिकाको विषयगत शाखाको सेवा, कार्यप्रक्रिया र मापदण्ड २०७७

गोरखा नगरपालिकाको कार्यविभाजन तथा कार्यसम्पादन नियमावली २०७४ अनुसार नगरपालिकाको विभिन्न शाखा तथा इकाईबाट हुने सेवा प्रवाह तथा मापदण्डहरुका बारेमा सरोकारवाला सवै नगरबासीलाई सरल रुपमा सूचना प्रवाह गर्न वान्छनीय भएकाले गोरखा नगरपालिकाको विषयगत शाखाको सेवा, कार्यप्रक्रिया र मापदण्ड २०७७ जारी गरिएकोछ ।

**१) सामान्य प्रशासन शाखाको सेवा तथा मापदण्डहरु:**

- स्थानीय सेवाको व्यवस्थान सम्वन्धी नीति,मापदण्ड,सेवा शर्त,योजना,कार्यान्वयन र नियमन
- संविधानको धारा ३०२ बमोजिम समायोजन भै आउने कर्मचारीको व्यवस्थापन
- स्थानीय सेवाको व्यवस्थापन नगरपालिकाको संगठन विकास,संगठन संरचना तथा दरवन्दि निर्धारण,जनशक्ति व्यवस्थापन र वृत्ति विकास
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग,प्रवर्धन र नियमन
- मानव संसाधन विकासका लागी अल्पकालिन तथा दीर्घकालिन योजना तर्जुमा
- नगरपालिकामा सार्वजनीक विदा,उत्सव,जात्रा,उर्दी आदिको व्यवस्थापन
- स्थानीय शान्ति समिति सम्वन्धी कार्यहरु
- नगरपालिकाका लागी सार्वजनिक खरीद तथा अन्य वन्दोवस्तीका सामान सम्वन्धी विषय
- सेवा तथा निर्माण व्यवसायको संचालन
- नगरपालिका भित्रको स्वामित्वमा रहेको सम्पत्ति ,सार्वजनिक तथा सरकारी सम्पत्ति,सामूदायिक सम्पत्ति,भवन,सडक,पसल,व्यवसाय,पूर्वाधार,उद्योग,खानी तथा खनिज,वनको विवरण सहितको अद्यावधिक अभिलेख तथा सरकारी सम्पत्तिको एकिकृत विवरण
- संघ तथा प्रदेश तहमा संविधान तथा कानून वमोजिमको सहभागिता तथा प्रतिनिधित्व
- जिल्ला समन्वय समितिसंगको समन्वय
- वडा तहसंगको सम्पर्क र समन्वय
- पत्राचार,सभा,समारोह,शिष्टाचार
- कार्यपालिका तथा सभाको वैठक व्यवस्थापन
- कार्यपालिकाको निणर्यहरुको विद्युतिय अभिलेखन तथा प्रकाशन
- कार्यपालिकाको विभिन्न समिति,उपसमिति,कार्यदलको वैठक व्यवस्थापन
- स्थानीय व्यापार,वाणिज्य,वस्तुको माग,आपूर्ति व्यवस्थापन तथा अनुगमन साथै उत्पादित वस्तुको मूल्य निर्धारण
- वजार तथा हाटवजार व्यवस्थापन तथा स्थानीय व्यापार र वाणिज्य सम्वन्धी पूर्वाधार निर्माण

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टुँडीखेल, गोरखा
गण्डकी प्रदेश, नेपाल

राजकुमार पण्डे
प्रमुख

Scanned with CamScanner

- उपभोक्ता अधिकार तथा हित सम्वन्धि नीति,कानून,मापदण्ड,कार्यान्वयन र नियमन
- उपभोक्ता सचेतना,गुणस्तर नियन्त्रण
- स्थानीय वौद्धिक सम्पत्तिको संरक्षण,प्रर्वद्धन र अभिलेखांकन
- आन्तरिक तथा पूर्वलेखापरीक्षण र अन्तिम लेखा परीक्षण कार्यमा सहयोग समन्वय र सहजीकरण
- उपाधि ता विभुषण सम्वन्धि सिफरिस
- संघिय तथा प्रदेश कानूनको अधिनमा रही नगर प्रहरीको संचालन तथा व्यवस्थापन नीति,कानून,मापदण्ड,कार्यान्वयनर नियमन
- न्यायिक समितिको सचिवालय,न्याय,कानून,मानव अधिकार प्रर्वद्धन तथा मेलमिलाप र मध्यस्थता,निर्णय तथा फैसला कार्यान्वयन
- न्यायिक समितिको सचिवालय सम्वन्धी कार्य
- मानव अधिकारको संरक्षण र प्रर्वद्धन
- नीति,कानूनको प्रमाणिक प्रतिको संरक्षण र अभिलेखन
- विधायन सम्वन्धी अन्य कार्य

<u>२)आर्थिक तथा राजश्व प्रशासन शाखाको सेवाहरुः</u>

- राजश्व सम्वन्धी नीति,कानून तर्जुमा कार्यन्वयन र नियमन
- नगरपालिकालाई प्राप्त करहरुको कार्यान्वयन,उचित वाडफाड ,नियमन र व्यवस्थापन
- सार्वजनिक खर्च तथा प्राकृतिक श्रोतवाट प्राप्त हुने रोयल्टी सम्वन्धी नीति,कानून,मापदण्ड तथा नियमन र सो को सङकलन तथा वाडफाड
- राजश्वका दररेट निर्धारण
- स्थानीय पुर्वाधार सेवा र उपयोगको सेवा शुल्क तथा दस्तुर शुल्क निर्धारण,संकलन तथा व्यवस्थापन
- कानुन वमोजिम ढुङगा,माटो,वालुवा,नुन,स्लेट,फायरक्ले जस्ता,खानी खनीज पदार्थको सर्वेक्षण,अन्वेषण,उत्खनन र सो सम्वन्धी रोयल्टी संकलन
- ट्रेकिङ ,कायाकिङ,क्यानोनिङ,वन्जि जम्पिङ,जिपफ्लायर, र्‍याप्टिङ शुल्क निर्धारण
- सामुदायिक वनको सन्चाल र व्यवस्थापनवाट रोयल्टी संकलन
- पानीघट्ट,कुलो पैनी जस्ता सेवा संचालनवाट प्राप्त रोयल्टी
- प्रचलित कानून वमोजिम दण्ड जरिवाना
- वित्तिय श्रोतको समतामूलक वाडफाड

Scanned with CamScanner

- आर्थिक साधनको अधिकतम उपयोग
- राजश्व परामर्श समिति सम्वन्धी विषय
- राजश्वको संभाव्यता अध्ययन
- राजश्व सूचना तथा तथ्याङ्कको आदान प्रदान
- संघिय तथा प्रदेश कानून वमोजिम वजेट घाटापूर्तिको स्रोत व्यवस्था
- स्थानीय राजश्व प्रर्वद्धनका लागी प्रोत्साहन
- वजेट सिमा निर्धारण,वजेट तर्जुमा,कार्यान्वयन र नियमन
- सन्चित कोष तथा आकस्मिक कोषके व्यवस्थापन
- लगानी र लाभांशको व्यवस्थापन
- लेखा व्यवस्थापन,खर्च,राजश्व,धरौटी,कार्यसंचालनकोक्ष,तथा अन्य सरकारी कोष तथा सम्पत्तिको एकिकृत विवरण
- राजश्व तथा व्ययको अनुमान
- वेरुजु फछ्र्यौट
- आर्थिक प्रशासन र व्यवस्थापन सम्वन्धि अन्य विषय

**३)भौतिक पुर्वाधार विकास शाखाको सेवा र मापदण्ड**

- स्थानीय सडक,ग्रामीण सडक,कृषि सडक तथायातायात सम्वन्धी नीति ,कानून,मापदण्ड तथा नियमन
- स्थानीय सडक,ग्रामीण सडक,कृषि सडक ,झोलुङगे पुल,पुलेसा र तटवधन सम्वन्धी गुरुयोजनाको तर्जुमा,कार्यान्वयन र स्तरोन्नतीका आयोजनाको पहिचान,अध्ययन,कार्यान्वयन,मर्मत ,सम्भार ,
- यातायात सुरक्षा व्यवस्थापन र नियमन
- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण,अनुमती,नविकरण,खारेजी,सेवाको गुणस्तर,भाडादर निर्धारण
- ट्याक्सी सेवाअनुमती,व्यवस्थापन र नियमन
- वातावरणमैत्री ,जलवायु परिवर्तन,अनुकुलन,अपाङगता र लैगिंकमैत्री यातायात प्रणालीको प्रवर्द्धन
- साना जलविद्युत आयोजना,नविकरणीय उर्जा तथा वैकल्पिक उर्जा सम्वन्धी नीति,कानून,मापदण्ड,योजना,कार्यान्वयन र नियमन
- विद्युत वितरण प्रणली र सेवाको व्यवस्थापन, सन्चालन र नियमन

गोरखा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
इम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

- जनसहभागीतामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलश्रोतको वहुउपयोगी विकास,कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- सडक वत्तिको व्यवस्था
- सिंचाई सम्वन्धी नीति
- आफ्नो क्षेत्रभित्र ताररहित इन्टरनेट,टेलिसेन्टर,केवुल तथा टेलिभिजन प्रसारणको अनुमती,नविकरण र नियमन
- एफ एम रेडियो संचालन अनुमती
- सूचना तथा प्रविधिमा लगानी
- खानेपानी सम्वन्धी नीति,कानून,मापदण्ड,योजना कार्यान्वयन र नियमन
- खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन
- पानीको मुहान संरक्षण
- स्थानीय सार्वजनिक निजी साझदारीका आयोजना छनौट गरी स्थानीय नीति ,योजना निर्माण
- आधारभूत आवासको योजना तर्जुमा र कार्यान्वयन
- नगरपालिकामा अव्यवस्थित वसोवास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- आधारभूत वसोवास सम्वन्धमा प्रदेश सरकार संग समन्वय
- योजनावद्ध र व्यवस्थित वस्ती विकासका लागी कार्यक्रमको तर्जुमा कार्यान्वयन
- एकिकृत वस्ती विकासका लागी जग्गाको एकिकरण तथा जग्गा विकास र व्यवस्थापन
- आफ्नो क्षेत्रको भूउपयोग नीति,योजना,कार्यक्रम तर्जुमा र कार्यान्वयन
- सुकुम्वासी पहिचान र अभिलेख व्यवस्था
- घरजग्गा धनी दर्ता प्रमाणपत्र वितरण तथा लगत व्यवस्थापन
- भूमिको वर्गिकण र लगत
- जग्गाको कित्ताकाट र भूमिलगत
- भवन निर्मायाको नक्शा स्वीकृति,शंसोधन र नियमन
- राष्ट्यि भवन संहिता तथा मापदण्ड वमोजिम भवन निर्माण अनुमती र निर्माण
- भवन सम्वन्धी नीति,कानून,मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा,आयोजना पहिचान,अध्ययन,कार्यान्वयन र नियमन
- पुरातात्विक ,प्राचिन स्मारक र संग्राहालय संरक्षण र पुन निर्माण
- सरकारी भवन,विद्यालय,सामूदायीक भवन सभागृह,तथा सार्वजनीक भवन तथा संरचना निर्माण र मर्मत संभार

Scanned with CamScanner

## ४) आर्थिक विकास शाखाको सेवा र मापदण्डः

- लघु ,घरेलु तथा साना उद्योगको दर्ता,नविकरण,खारेजी र नियमन
- लघु ,घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन
- उद्यमशिलता प्रर्वद्धन मेयर उद्यमशीलता विकास तालिम संचालन गरी आय-आर्जनको लागि शिपमूलक तालिमको आयोजना गर्ने ।
- व्यापारीक फर्म पसलको दर्ता,अनुमती,नवीकरण,खारेजी र नियमन
- सीप विकास सम्वन्धी कार्यको प्रवर्द्धन
- ढुङगा,गिट्टी,वालुवा,माटो,खरीढुङगा जस्ता खानी तथा खनीज पदार्थको संरक्षण दर्ता,नवीकरण,खारेजी र व्यवस्थापन र अभिलेखन
- प्राविधिक परामर्श सेवा उपलब्ध गराउने ।
- तालिम प्राप्त प्रशिक्षार्थीलाई छुट मूल्यमा उपयुक्त प्रविधि उपलव्ध गराउने ।
- उद्यमीहरुलाई पुनर्ताजगी तालिम संचालन गर्ने ।
- उद्यमीले उत्पादन गरेका वस्तुहरुको वजारिकरणमा सहयोग गर्ने ।
- औद्योगिक भ्रमण तथा प्रदर्शनीको आयोजना गर्ने ।
- लघु कर्जामा सहयोग गर्ने ।

## उद्योग दर्ता गर्दा चाहिने कागजातहरु

१. उद्योग दर्ताको निवेदन फाराम (ख)
२. उद्योगको परियोजना (स्किम)
३. सम्वन्धित व्यक्तिको नागरिकताको प्रतिलिपि
४. उद्योग रहने स्थानको स्वामित्वको प्रमाण पत्र ।
५. सम्वन्धित व्यक्तिको नाममा स्वामित्वको प्रमाण नभएमा मन्जुरीनामा सहित स्वामित्वको प्रमाण पेश गर्नु पर्नेछ ।
६. सम्वन्धित वडाको. को सर्जमिन सहितको सधियार मुचुल्का तथा सिफारिस पत्र ।
७. साझेदारी फर्म दर्ता गर्दा सम्झौता पत्र (साझेदारी कबुलियतनामा) समेत पेश गर्नु पर्नेछ ।
८. गाउँ ब्लकको जग्गा भए सम्वन्धित व्यक्तिको हकभोगमा रहेको सम्वन्धित वडाको सर्जमिन सहितको सिफारिश पत्र ।
९. कम्पनीमा दर्ता भई उद्योगको रुपमा दर्ता गर्ने शेयरहोल्डरहरुको नागरिकता प्रवन्ध पत्र तथा नियमावली सहित पेश गर्नु पर्नेछ ।
१० सदरमुकाम क्षेत्र भन्दा बाहेकको क्षेत्रमा दर्ता गर्ने काठमा आधारित (ईट्टाभट्टा, स:मील, फर्निचर) उद्योगहरु दर्ता गर्दा परियोजना स्थलबाट सा.व.तथा सरकारी वनक्षेत्र ३ कि.मी टाढा भएको जिल्ला वन कार्यालयवाट सिफारिश पत्र पेश गर्नु पर्नेछ ।

राजेन्द्रराज पन्त
प्रमुख

Scanned with CamScanner

११. स्वास्थ्य, पर्यटन, निर्माण, संचार जस्ता उद्योगहरु दर्ता गर्दा सम्वन्धित अधिकार प्राप्त निकायहरुको सिफारिश पत्र ।

१२. निर्माण व्यवसायको लागि तोकिएको मेशिन औजारहरु ठिक हालतमा भएको मेकानिकल इन्जिनियरले प्रमाणित गरेको पत्र, मे.ई.को परिषद्मा दर्ता प्रमाण पत्र , मे.औ.विमा गरेको कागजात, कोटेशन विल,

**५)कृषिविकास कार्यक्रम संचालनको मापदण्ड :**

**कृषक समुहको हकमा**

- कृषक समूह गोरखा नगरपालिका कार्यालयमा दर्ता भएको हुनुपर्ने
- दर्ता भएको कृषक समुह हरेक बर्ष नविकरण भएको हुनुपर्ने ।
- कृषक समुहदर्ता गर्न कम्तीमा १५ जना र बढिमा १०० जना सम्म हुनु पर्ने

**कृषि तथा बहुउद्धेश्यीय शहकारीको हकमा**

- कम्तीमा २५ जना सदस्य रहेको हुनुपर्ने
- कार्यक्षेत्र गोरखा नगरपालिका भित्र मात्र भएको हुनुपर्ने

**व्यात्तिगत फर्म संचालकको हकमा**

- कृषि तथा पशु फर्म दर्ता अनिवार्य भएको हुनुपर्ने
- कृषि तथा पशु फर्म दर्ता भएको व्याक्तिले कम्तीमा ५ रोपनीजग्गामा खेती गरेको हुनुपर्ने
- कृषि तथा पशु फर्म दर्ता सम्वन्धित वडा कार्यालयमा गराएको र वर्ष पिच्छे नविकरण गरेको हुनुपर्ने

**कृषि कार्यक्रम अनुदानलिनको लागी कृषकहरुले पुरा गर्नुपर्ने मापदण्ड :**

**१.उन्नत विउ विजन तथा अन्य आवश्यक सेवा अनुदानमा लिनको लागी**

- कृषक समुह ,व्याक्तिगत फर्म, र कृषि सहकारीमा आवद्ध भएको हुनुपर्ने
- दलित ,पिछडिएका वर्ग र अपाङगता भएकाहरुलाई बढि प्राथमिकता दिईने
- कृषक समुहहरुले कम्तीमा ७५ रोपनीम ाअन्न तथा तरकारी बाली र कृषि सहकारीहरुले १०० रोपनीजग्गामा खेतीगरिएको हुनुपर्ने
- जग्गाबाँझो राख्नेहरुले सुविधा लिन नपाउने

राजनराज पन्त
प्रमुख

Scanned with CamScanner

**२.यान्त्रीकरण,प्लास्टिक घर,हाइटेक अनुदानकार्यक्रमलिनको लागी मापदण्ड :**

- कृषक समुह ,व्याक्तिगतफर्म, र कृषि सहकारीमा आबद्ध भएको हुनुपर्ने
- व्यावसायिक रुपमा ५ रोपनीभन्दा बढि जग्गामा तरकारी खेती गरेको हुनुपर्ने
- फिल्ड अनुगमन गरेर मात्र योजना छनौट गरिने
- मौसमी तथा बेमौसमी तरकारी खेती गरिरहेको र गर्न इच्छुक कृषक समुहलाई प्राथमिकता दिईने ।
- समुहको सम्पूर्ण सदस्यहरु सक्रिय रुपमा मासिक बैठक बसी सामुहिक छलफल भएको हुनुपर्ने ।

**३.साना सिंचाई आयोजना अनुदानको मापदण्ड :**

- कृषक समुह, कृषिउद्यामी, र कृषितथा बहुउद्देशियय सहकारी संस्थाहरुले मात्र आवेदन दिन पाउने
- योजना माग गर्ने कृषक समुह, सहकारीहरुले कम्तीमा १०० देखी ५०० रोपनी जग्गामा सिंचाई हुने समुह ,सहकारीहरुलाई मात्र छनौट गर्न सकिने ।
- योजना माग गर्दा कुलो निर्माण तथा मर्मत संभार गर्ने र मोटरबाट पानी तानी पाइप सिंचाइ हुन सक्ने जग्गा भएमा योजना छनौट हुनेछ तथापी अन्य योजनामा दिन मिल्ने छैन ।
- एउटा साना सिंचाई योजना बराबर कम्तीमा रु.५० हजार देखि १लाख ५० हजार सम्म योजना हेरी दिन सकिनेछ ।
- प्लास्टिक पोखरी निमार्णको हकमा एउटा पोखरी बराबर रु.३० हजार सम्म दिन सकिन्छ ।
- पोखरी निमार्ण गर्दा कम्तीमा २-३ रोपनीजग्गामा सिंचाइ गर्न सकिने गरी निमार्ण गर्नुपर्दछ ।

**४.फलफुल विरुवा प्रर्वद्धन अनुदान कार्यक्रम मापदण्ड :**

- कृषक समुह, कृषिउद्यामी, र कृषि तथा बहुउद्देशियय सहकारी संस्थाहरुले मात्र आबेदन दिन पाउने
- फलफुल विरुवा लगाउन इच्छुक कृषक समुह, सहकारीहरुले कम्तीमा एक व्याक्ति बराबर २५ वोट भन्दा माथी विरुवा लगाउन सक्ने हुनुपर्नेछ ।
- बाँझो रहेको जग्गामा खेती गर्न इच्छुक कृषकहरुलाई फलफुल विरुवा अनुदानमा वितरण गर्न बढि प्राथमिकता दिईनेछ ।

**५.मौरीघार अनुदानको मापदण्ड :**

Scanned with CamScanner

- मौरी पालनव्यबसाय गर्नको लागि कृषिउद्यमी, कृषक समुह, सहकारीहरुको प्रति कृषक कम्तीमा १० घार मौरी गोला राखी मौरी पालन व्यबसाय गर्ने समुह सहकारीलाई मात्र प्राथमिकतामा राखिनेछ ।
- मौरी पालनव्यबसाय सञ्चालन गर्ने कृषक स्वंयमले मौरी पालिरहेको वा तालिम लिई दक्ष भएकाहरुलाई मात्र मौरी घार उपलब्ध गराउन सकिनेछ ।
- मौरी पालन गर्न सम्भावित क्षेत्रमा मात्र सिफारिस गरि मौरी घार उपलब्ध गराउन सकिनेछ ।

## ६) योजना ,अनुगमन तथा मूल्यांकन शाखाको कार्य:

- विकास आयोजना तथा परीयोजना सम्वन्धी नीति,कानून,मापदण्ड,योजना र नियम
- स्थानीय विकास नीति,अल्पकालिन,मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जुमा,अनुगमन तथा मूल्यांकन
- आर्थिक,सामाजीक,सांस्कृतिक,वातावरणीय,प्रविधि र पूर्वाधारजन्य विकासका लागी आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा,कार्यान्वयन,अनुगमन तथा मूल्यांकन
- वार्षिक विकास कार्यक्रम ,आयोजना तर्जुमा कार्यान्वयन
- विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिवृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन
- विकास योजनाहरुको वातावरण प्रभाव मूल्यांकन र अन्य कार्य
- उपभोक्ता समितिको विवरण,क्षमता विकास
- विकसका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण
- संघिय,प्रादेशिक आयोजना,परियोजना कार्यान्वयनमा समन्वय,सहजीकरण र सहयोग
- विकास आयोजनाको अनुगमन ,आवधिक प्रगती तथा प्रतीफलको समिक्षा
- विकास आयोजनाको अनुगमन ,मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण
- आयोजनाको अध्ययन अनुसन्धान तथा प्रभाव मूल्यांकन
- सम्भाव्य प्राकृतिक श्रोत र साधनकोअभिलेख
- नगरपालिकाको आवधिक तथा वार्षिक कार्यक्रम र वजेट स्वीकृति

## ७. सहकारी संस्था विकास कार्यक्रम संचालनको मापदण्ड

### सहकारी गठन तथा दर्ताको हकमा:

- वहुद्देश्यीय सहकारी संस्थाको लागि– कम्तिमा ३० जना शेयर सदस्य हुनु पर्ने ।
- वचत तथा सहकारी संस्था लागि– कम्तिमा ७० जना शेयर सदस्य हुनु पर्ने ।

राजेन्द्रराज पन्त
प्रमुख

Scanned with CamScanner

- श्रमिक,युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारीत सहकारी संस्थाको लागि कम्तिमा १५ जना शेयर सदस्य हुनु पर्ने ।

**सहकारी संस्था दर्ता गर्दा आवश्यक कागजातको हकमा:**

- सहकारी संस्थाको प्रस्तावित विनियम,
- सहकारी संस्था संचालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,
- सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण ।

**विषयगत आधारमा सहकारीको वर्गीकरण :**

- उत्पादक संस्था : कृषि, दुग्ध, चिया, कफि, उखु, फलफुल,माछापालन आदी
- उपभोक्ता संस्था : उपभोक्ता भण्डारण, बचत तथा ऋण र स्वाथ्य।
- श्रमिक संस्था : हस्तकला , खाद्य परिकार, औद्योगिक उत्पादन , भोजनालय र श्रम करार ।
- बहुउद्देश्यीय संस्था : उत्पादन, उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा।

**सहकारी संस्थाको कार्यक्षेत्रको हकमा :**

गोरखा न.पा. को कुनै वडा वा सम्पूर्ण क्षेत्र,

**साधारण सभाको हकमा :**

- समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिना भित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।
- आ.व. समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

**बचत तथा ऋण परिचालनको हकमा :**

- संस्थाले सदस्यहरुको मात्र बचत स्वीकार गर्ने र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछन ।
- बचत र ऋणको व्यचदर विचको अन्तर छ प्रतिशत भन्दा बढी हुने छैन ।
- संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पुंजीकृत गरी सोको आधारमा व्याज लगाउन पाईने छैन ।
- संस्थाको सदस्को व्यक्तिगत बचतको सिमा तीस लाखसम्म हुनेछ ।

**ऋण तथा अनुदान लिने हकमा :**

Scanned with CamScanner

संस्थाले विदेशी बैक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्ता निकायसँग साझेदारी कायम गर्नका लागि नी.न.पा मा निवेदन दिनु पर्ने छ ।

**लेखापरीक्षण सम्बन्धमा :**

संस्थाले प्रत्येक आ.व. को लेखापरीक्षण सो आ.व. समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानुन वमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षणद्धारा गराउनु पर्नेछ ।

**निरिक्षण तथा अनुगमन सम्बन्धमा :**

संस्थाको निरीक्षण र अनुगमन नी.न.पा ले जुनसुकै समयमा गर्न गराउन सक्नेछ ।

गोरखा नगरपालिकाको सहकारी ऐन २०७४ र संस्थाको विधान विपरित संस्था संचालन भएमा उक्त संस्थालाई आवश्यक कारवाही न.पा. ले गर्न सक्नेछ ।

**उजुरी दिने हद म्याद सम्बन्धमा :**

जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले थाहा पाएको मितिले नब्वे दिनभित्र नी.न.पा.समक्ष उजुरी दिनु पर्नेछ ।

**पुनरावेदन गर्न सक्ने :**

संस्था दर्ता खारेज गरेकोमा चित्त नवुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैतिस दिनभित्र न.पा.समक्ष पुनरावेदन गर्न सक्ने ।

## ८. सामाजिक विकास शाखा अन्तरगतका कार्यक्रम संचालन मापदण्ड

**महिला तथा वालवालिका शाखाको कार्य**

**महिलाको हकमा**

- महिला सशक्तीकरण
- एकल महिला सम्बन्धि कार्यक्रम
- महिलालाई सिपमूलक कार्यक्रम
- क्षमता विकासका कार्यक्रम
- महिला हिंसा न्युनिकरण सचेतनामुलक कार्यक्रम
- आर्थिक अवस्था कमजोर भएका, दलित ,लोपउन्मुख, सिमान्तकृत,पिछडा वर्गका महिलाका लागि कार्यक्रम

Scanned with CamScanner

**बालबालिकाको हकमा:**

- वालशिक्षा
- बालक्लब गठन
- बालबालिका माथि हुने हिंसा न्यूनिकरणका कार्यक्रम
- बालश्रम मुक्त नगर
- वालबालिका माथि हुने यौन हिंसा अन्त्य
- बालमैत्री नगरको कार्यक्रम

**अपांगता भएका व्यक्तिको हकमा:**

क.अपांगताको प्रकृतिका आधारमा १० प्रकारमा विभाजन

ख.अपांगता परिचयपत्र वितरणका मापदण्ड ४ प्रकारका समुहमा विभाजन

- पूर्ण अशक्त अपांगता–रातो कार्ड
- अति अशक्त अपांगता–नीलो कार्ड
- मध्यम अपांगता–पहेलो कार्ड
- सामान्य अपांगता–सेतो कार्ड

**ग.अपांगता परिचय पत्र प्राप्त गर्दा पुरा गर्नुपर्ने मापदण्ड:**

- निजको स्थायी ठेगाना भएको वडाको सिफारिस
- २ प्रति पास्पोर्टसाइजको फोटो
- नागरिकताको फोटोकपि
- जिल्ला अस्पतालको सिफारिस
- अपांग बालबालिकाको हकमा
  - जन्मदर्ताको फोटोकपि
  - संरक्षकको नागरिकताको फोटोकपी

घ.अपांगता परिचयपत्र नि:शुल्क प्रदान गरिनेछ।

ङ.घुम्ति सेवा –विकट र दुर्गम गाउँहरुमा

Scanned with CamScanner

- अति अशक्त वा पूर्ण अशक्त अपांगता भएको कारणले कार्यालयमा आइ परिचयपत्र बुझिलिन नसक्ने भएमा वडाको सिफारिसमा निजको संरक्षकले बुझिलिन सक्नेछ ।
- अपांगता परिचयपत्र वितरण गर्ने समेत कार्यका लागि नी.न.पा.मा उप-प्रमुखको संयोजकत्वमा ११ सदस्यीय समन्वय समितिको व्यवस्था छ।

जेष्ठ नागरिकको हकमा:

- साठी वर्ष उमेर पुगेका नागरिकलाई जेष्ठ नागरिक मानिनेछ।
- **जेष्ठ नागरिक परिचयपत्र प्राप्तिका मापदण्ड:**
  - नागरिकताको फोटोकपी
  - दुईप्रति फोटो
- जेष्ठ नागरिक परिचयपत्र पूर्णरुपमा निःशुल्क प्रदान गरिनेछ।
- प्रत्येक वर्ष असोज १४ लाई जेष्ठ नागरिक दिवसको रुपमा मनाउने।
- घुम्ति सेवा –विकट र दुर्गम गाउँहरुमा

**९. शिक्षा शाखाको सेवा र मापदण्ड**

- विद्यालय खोल्ने अनुमतिको लागि वडा समितिको सिफारिस लिई कम्तीमा तीन महिना अगावै न.पा.मा निवेदन दिनु पर्ने।
- विद्यालयले पालना गर्नुपर्ने शर्त र बन्देज ऐन वमोजिम हुनेछन ।
- आधारभूत तथा माध्यामिक विद्यालय खोल्नको लागि मापदण्ड पुगेमा न.पा.ले स्विकृत दिन सक्नेछ।
- विदेशी शिक्षण संस्थासँग सम्वन्धन गरी विद्यालय खोल्न अनुमति वा स्विकृति नेपाल सरकारको पूर्व स्विकृति नलिई दिन सकिने छैन।

धरौटी राख्नु पर्ने:

१.माध्यामिक विद्यालयको लागि रु.पाँच लाख
२.आधारभुत विद्यालयको लागि रु.तीन लाख।
३.पूर्व प्राथामिक विद्यालयको लागि रु. एक लाख

- दुई वा दुई भन्दा वढि विद्यालयलाई आवश्यकता वमोजिम गाभ्न सकिनेछ।
- विद्यालयको कक्षा थप घट गर्न सकिने
- न.पा.ले शैक्षिक गुणस्तर परीक्षण गर्न सक्ने छ ।

Scanned with CamScanner

- कुनै संस्थाले प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहेमा ऐनले तय गरेको मापदण्ड पुरा गरी वडा कार्यलयमा निवेदन दिनु पर्ने छ ।
- सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया ४५ हुनु पर्ने छ ।
- संस्थागत विद्यालयको कक्षामा विद्यार्थी संख्या अधिकतम ४५ हुनु पर्ने ।
- विद्यालयको शैक्षिक शत्र प्रत्येक वर्षको वैशाख १ देखि चैत्र मसान्त सम्म हुने
- सार्वजनिक विदा वाहेक एक शैक्षिक सत्रमा हिउँदे र वर्षे विदा गरी ४५ दिन बढि विदा दिन नपाइने ।
- न.पा.भित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरवन्दी भित्र प्रमुख प्रशासकिय अधिकृतले शिक्षकको सरुवा गर्न सक्ने ।
- संस्थागत विद्यालयले विपन्न तथा सिमान्तकृत विद्यार्थी मध्य ५ प्रतिशत विद्यार्थीलाई अनिवार्य छात्रवृत्रि उपलब्ध गराउनु पर्ने ।
- विद्यालयले छात्रवृत्रि उपलब्ध गराएका विद्यार्थीको नामावलि सार्वजनिक गर्नुपर्ने छ ।
- सबै अभिभावकले पाँच वर्ष पुगेका बालबालिकालाई अनिवार्य रुपमा विद्यालय पठाउनु पर्ने ।
- बालवालिकालाई विद्यालय नपठाउने अभिभावकलाई स्थानीय तहबाट प्रदान गरिने सेवा सुविधाबाट वञ्चित गरिनेछ।
- विद्यालयको नामाकरण नेपालीपन झल्कने हुनु पर्ने छ ।
- विद्यालयको सम्पतिको संरक्षण गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।
- सार्वजनिक विद्यालयको आवश्यकता सम्वोधन गर्न विद्यालयलाई अनुदान दिन सकिने ।
- व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष नगर कार्यपालिकाबाट नियुक्त परीक्षकबाट गराउनु पर्नेछ।
- यस ऐनमा व्यवस्था भए बमोजिम दण्ड सजाय हुने कार्य गरेमा पाँचलाख सम्म जरिवाना गर्न सकिनेछ ।
- मापदण्ड वमोजिम विद्यालयले अतिरित्त कियाकलाप संचालन गर्नुपर्ने छ।
- वडाध्यक्षले आफ्नो वडा भित्रका विद्यालयको गुणस्तरीय शिक्षाका लागि प्रमुख संरक्षकको रुपमा कार्य गर्नु पर्नेछ ।
- स्थानिय तहका निर्वाचित पदाधिकारि,शिक्षक, कर्मचारी,विद्यार्थी सबैले नी.न.पा.को शिक्षा ऐन, २०७४ ले व्यवस्था गरेका आचार संहिता पालना गर्नु पर्नु छ।

Scanned with CamScanner

स्वास्थ्य शाखाका सेवा र मापदण्ड

- किशोरी सेवाः–
- सवै मा.वि तहका ६–१० कक्षा पढने विद्यार्थीहरुमा, प्रजनन् स्वास्थ्य सम्बन्धित सेवा जस्तो Menstrual Hygiene managementtraining र Iron चक्की वितरण कार्यक्रम जस्ले गर्दा विद्यामान भएको क्षयचलको कमि हुने संख्यामा सुधार आउनेछ।
- सुरक्षित मातृत्व सेवा : – Home delivery शुन्य वडा गराउनको nflumather group meeting every month Ambulance service freeImprovement of health facility starting the safe mother waiting home trained health staff
- पोषण सेवाः–
- सुनौला हजार दिनलाई महत्व दिएर हरेक टोलटोलमा सुनौला हजार दिनका महिलाहरुलाईजम्मा गरेर पोषण सम्बन्धि भ्हजष्दष्तष्यल र जयभ ५वमभ खानालाई प्रोत्साहन गर्न लगाउने साथै पांच वर्ष मुनिका बच्चाहरुको पोषण मा सुधार ल्याई हाल विद्यमान रहेको कुपोषणको दरलाई न्युनिकरण गर्न सकिनेछ।
- **रेडियो टेलिभिजन प्रचार प्रसार कार्यक्रमः–** यस कार्यक्रमले नगरपालिका अन्तर्गत सञ्चालन हुने स्वास्थ्य कार्यक्रमको बारेमा हरेक वडा तथा नगरवासीहरुमा सुचना सम्प्रेषण भएको हुनेछ।
- **विपन्न असहाय सुविधा कार्यक्रम**
- विपन्न असहाय सुविधाः– यो सुविधा बाट विरामी सहजरुपमा अस्पताल पहिचान गरी सेवा छिटो भन्दा छिटो सेवा पाउने र विरामीको मृत्युदर कम भएको छ।
- गर्भवतीलाई ज्क्ष्ख त्भकत पष्त बाट त्भकत गरी वेलैमा ज्ख्ख कतवतगकथाहा भई आमाबाट बच्चामा ज्क्ष्ख सर्ने दर कम भएको हुनेछ।
- **ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम :–** हरेक ३/३ महिनामा स्थानीय स्तरको स्वास्थ्य संस्थामा गई गर्भवती आमाहरुलाई भिडियो एक्सरे सेवा संचालन भैरहेको छ। जस्ले गर्दा गर्भमा रहेको भ्रुणको अवस्था बारे वेलैमा पहिचान गरी आवश्यकता अनुसार समयमानै प्रेषण गर्नाले आमा र वच्चामा हुने खतराबाट बचाउन मद्धत भएको छ।
- जसले गर्दा बच्चा कुनैपनि प्रकारको असाधारण अवस्थाको जन्म कम हुन्छ, साथै मृत्युदरमा पनि कमि आएको छ।
- एम्बुलेन्स खर्च वितरण :– नगरपालिकाबाट गत वर्ष देखि गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउन लैजादाको एम्बुलेन्स भाडा निशुल्क भइराखेको छ, जस्ले गर्दा धादिङ अस्पतालमा आएर सुरक्षित प्रसुती सेवा लिने आमाहरुको सुरक्षीत प्रसुती सेवा लिने आमाहरुको वृद्धि भैराखेको छ।यो सेवा विस्तार गर्नाले तिन ढिलाई हुनबाट बचाएको छ। त्यस कारण घरमा प्रसुती हुने संख्या पनि न्युन हुनुको साथै आमा र शिसुको मृत्युदरमा पनि कमि आएको छ।
- महामारी तथा सरुवा रोग रोकथाम कार्याक्रमः–

- यस कार्यक्रममा नगरपालिकाबाट औषधी तुरुन्त व्यवस्था हुने भएकोले जुनसुकै महामारी रोग चचत तभक मार्फत तुरुन्तै च्भकउयलकभ भई उक्त महामारी रोकथाम तथा नियन्त्रणमा सहयोग भएको छ ।

## पाठेघर खस्ने रोगको स्क्रिनिङ रिङप्रेसरी तथा V.I.A जाँच :–

यस कार्यक्रमले महिलाहरुमा प्रजनन् स्वास्थ्य समस्याहरु मध्ये पाठेघर खस्ने साथै इदकतभतचब्अँ्फकतगवि पनि मुख्य समस्या छन यसलाई पनि शसर्तबाट र नगरपालिकाबाट पनि सम्बोधन भएकोले यसबाट महिलाहरुलाई समयमानै आवश्यकता अनुसारको सेवा प्रदान गर्दै आएको छ यस शिविरमा आएका महिलाहरुलाई प्रभावकारी रुपमा प्रथम, दोश्रो, तेश्रो र चौथो डिग्री पाठेघर खसेको पहिचानको साथै फिस्टुला र पाठेघरको मुखको क्यान्सर पनि निदान गरी सेवा प्रदान गर्ने र आवश्यकता अनुसार उपयुक्त ठाँउमा प्रेषण पनि गरिन्छ । जसले गर्दा महिलाहरुको प्रजनन स्वास्थ्यमा सुधार आएको छ ।

**खोप सेवा** निरन्तर रुपमा प्रभावकारी संचालन गर्न साथै पूर्ण खोप दिलाउनको लगि स्वयंसेविका र स्वास्थ्यकर्मीहरुलाई बच्चा छुटेको छ कि खोजीगर्न लगाउने र छुट भएमा बच्चा पायक पर्ने खोप केन्द्रमा लगेर खोप पुरा लगाउन लगाइएको छ । जस्ले गर्दा खोपबाट हुने विरामीदर मृत्युदर कम भएको पाइएको छ ।

## खानेपानीको गुणस्तर जाँच :

नियमित खानेपानी गुणस्तर जाँच गर्नाले पानीको श्रोत पिउन योग्य छ छैन भन्ने कुरा पत्ता लगाउन सकिन्छ । र यदी पिउन योग्य नभएको मुहानलाई आवश्यकता अनुसारको उपचार गरी पिउन योग्य बनाउन सल्लाह दिने जस्ले गर्दा पानीको कारणबाट लाग्ने रोग जस्तै झाडापखाला, आउँरगत टाइफाईड र जन्डिस जस्ता रोग लाग्न बाट बचाउन सकिन्छ ।

## एम्बुलेन्स खर्च प्राप्त गर्नको लागि चाहिने आवश्यक कागजातहरु :–

- अस्पतालमा सुत्केरी प्रमाण पत्र वा बहिर्गमन भएको कागजात (म्क्अजवचनभ उवउभच)
- एम्बुलेन्स भाडाको रसीद
- नागरिकताको प्रतिलिपि

## विपन्न विरामीहरुको लागि आर्थिक सहयोग प्राप्त गर्नको लागि आवश्यक कागजात :–

- सम्बन्धित अस्पताल/ सुचिकृत अस्पतालको चिठी
- वडाको शिफारिस
- विरामी वा आफन्तको निवेदन
- माइन्युटको प्रतिलिपि
- विरामीको नागरिकता/जन्मदर्ताको प्रतिलिपि

## दैवी प्रकोप राहत प्राप्त गर्नको लागि आवश्यक कागजात वितरण :–

Scanned with CamScanner

- निवेदन
- प्रहरी मुचुल्का
- वडाको शिफारिस
- नागरिकताको प्रतिलिपि
- मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि

Scanned with CamScanner